मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश ,नेपाल


पत्र संख्या :- ०७७/०७८
चलानी नं. :- १६०४

बिषय :- अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनर्स्थापना (CBR) कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति :-२०७७।१२।०३**

प्रस्तुत विषयमा यस नगरपालिका अन्तरगतका अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक तथा आर्थिक सशक्तिकरण र समष्ठिगत विकासका लागि अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना (CBR) कार्यक्रम सम्बन्धी कार्यक्रम संञ्चालन गर्नका निम्तिअपाङ्गता क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुलाई कार्यक्रम संचालनार्थ तपशिल बमोजिमका कागजपत्रहरु संलग्न गरी सूचना प्रकाशन भएका मितिले १५ दिन भित्र यस नगरपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

१. **दरखास्त साथ पेश गर्नुपर्ने कागज पत्र तथा दस्तावेजहरु :-**

क) अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धी प्रमाण।

ख) संस्था दर्ता ,नविकरण,पान दर्ता,कर चुक्ता प्रमाण,विधान,प्रशासनिक र आर्थिक नियमावलीको छायाँ कपि।

ग) समाजकल्याण परिषद्मा आवद्धता प्रमाण पत्र।

घ) गत बर्षको वार्षिक प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन।

ङ) संस्थाको भौतिक पुर्वाधारको अवस्था दर्साउने कागजात।

२. **छनौट भएका संस्थाले सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु:-**

क) अपाङ्ता भएका व्यक्तिहरुलाई विद्यमान कानुनमा व्यबस्था भएका विभिन्न सेवा,सुविधा,अवसरबारे जानकारी,दिने,परामर्श दिने र सेवा एंव अवसर प्रदान गर्ने,

ख) स्थानीय तहमा तालिम संञ्चालन गर्दा स्थानीय शिक्षक,बुद्धिजिवी,समाजसेवी,स्वयमसेवक लगायत सरोकारवालाहरुसंग समन्वय गरी सेवा प्राप्त गर्न पहल गर्ने,

ग) अपाङ्गता भएका व्यक्तिहरुलाई विकास निर्माण सम्बन्धी कृयाकलाप तथा सार्वजनिक सरोकारका विषयमा समाहित गर्न समन्वय गर्ने,

घ) अपाङ्गता भएका व्यक्तिहरुको अविलम्बन पहिचान एंव सेवा परामर्श ,पुर्व तयारी कक्षा संचालन,विशेष शिक्षा,तालिम (रोजगार र व्यबसायिक तालिम) स्वास्थ्य उपचार सेवा ,स्याहार र रेखदेख सेवा उपलव्ध गराउन मद्दत गर्ने गराउने,

ङ) अपाङ्गता भएका व्यक्ति परिवार स्थानीय निकायका पदाधिकारी तथा समुदायका लागि अपाङ्गपन निरोध,न्युनिकरण,उपचारात्मक लगायत सचेतना सम्बन्धि तालिम,कार्यक्रम ,गोष्ठि, सभा,अन्तरक्रिया सञ्चालन गर्ने गराउने,

च) अपाङ्ग भएका व्यक्तिहरुलाई सहायक साम्रगी उपलव्ध गराउने,

छ) अपाङ्गता भएका व्यक्तिको हक अधिकारको संरक्षण एंव प्रवर्द्धन गर्ने खालका अन्य क्रियाकलाप सञ्चालन गर्ने,

२०७७।१२।३

कुमार प्रसाद कोइराला
(प्रमुख प्रशासकीय अधिकृत)